श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२१, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं. 3039

मिति: २०७६।०२।०७

विषय: परिपत्र।

श्री उच्च अदालतहरु सबै।
श्री इजलास सबै।
श्री अस्थायी इजलास सबै।
श्री प्रशासकीय अदालत।
श्री न्यायाधिकरणहरु सबै।
श्री विशेष अदालत।
श्री श्रम अदालत।
श्री फैसला कार्यान्वयन निर्देशनालय।
श्री जिल्ला अदालत सबै।

प्रस्तुत विषयमा मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ मिति २०७६।०१।०२ मा प्रमाणीकरण हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को विभिन्न दफाहरुमा थपघट र संशोधन भएको छ। संहिताको सारभूत प्रावधान अन्तर्गत संशोधन भएको तर सम्बन्धित अनुसूचीहरुमा समेत संशोधन भई नसकेको अवस्थामा उक्त व्यवस्थाको प्रयोगमा कठिनाई उत्पन्न भएको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ को उपदफा (१) र (२) मा संशोधन भई साविकको सट्टा नयाँ कानूनी व्यवस्था भएकोमा सो बमोजिम उक्त कार्यविधि संहिताको अनुसूची २६ र २७ मा समेत संशोधन गर्नुपर्ने देखिन्छ। संशोधित ऐनको व्यवस्था मिति २०७६।०१।०२ बाट नै लागू भएको र तत्सम्बन्धी व्यवस्थाको प्रयोग अदालतहरुले तत्काल शुरु गर्नुपर्ने सन्दर्भमा उक्त संशोधित व्यवस्था बमोजिमको कार्यविधि अवलम्बन गर्ने सम्बन्धमा बाधा अड्काउ फुकाउनका लागि यस अदालतको पूर्ण बैठक समक्ष पेश हुँदा अन्य अनुसूचीहरुमा गर्नुपर्ने संशोधन वा परिमार्जन हुँदा सोही बमोजिम गर्ने गरी हाललाई फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २६ र २७ का ढाँचाहरुको प्रयोगका सम्बन्धमा मिति २०७५।०१।२५ को पूर्ण बैठकबाट निर्णय भए अनुसार देहायका अनुसूची २६ र २७ का ढाँचाहरु यसै पत्रसाथ राखी पठाईएको छ। सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

नरेन्द्रकुमार कालाखेती
उप रजिस्ट्रार

अनुसूची – २६

(दफा ५९ को उपदफा (२) सँग सम्बन्धित)

अभियुक्तको नाममा जारी भएको समाव्हानको ढाँचा

...................................... अदालतबाट अभियुक्तको

नाममा जारी भएको समाह्वान

---

**..............को छोरा/छोरी ...................... को पति/पत्नी**
**........... जिल्ला ............. नगरपालिका/गाउँपालिका............. वडा**
**नं............बस्ने वर्ष ... को ............ (फोन नं........... ),**

................................ को जाहेरी/प्रतिवेदन/सूचना/उजूरीले वादी नेपाल सरकार विरुद्ध अभियुक्त/प्रतिवादी तपाई समेत भएको ........................... मुद्दामा तपाई समेतका उपर अभियोगपत्र/उजूरीपत्र दर्ता भएकोले तपाईको नाममा यो समाह्वान जारी गरी पठाइएको छ । यो समाह्वान तामेल भएको मितिले बाटाको म्याद बाहेक २१ (एक्काइस) दिनभित्र प्रमाण भए सो समेत लिई बयानको लागि यस अदालतमा हाजिर हुन आउनु होला।उल्लिखित म्यादभित्र उपस्थित हुनु भएन भने तपाईलाई पक्राउ गर्न पूर्जी जारी गरी कानून बमोजिम कारबाही गरिनेछ।

मुद्दा नं.: ..........................

जारी भएको मितिः

......................................

सम्बन्धित अधिकृतको दस्तखत

इति सम्वत् ...................... साल ..................... महिना
.......... गते ...............रोज शुभम्

अनुसूची – २७

(दफा ५९ को उपदफा (२) सँग सम्बन्धित)

ब्यक्तिवादी फौजदारी मुद्दामा जारी हुने समाव्हानको ढाँचा

...................................अदालतबाट प्रतिवादीका नाममा

जारी भएको समाह्वान

---

................**को छोरा/छोरी** ...................... **को पति/पत्नी**
............ **जिल्ला** ............ **नगरपालिका/गाउँपालिका**............ **वडा**
**नं**............**बस्ने वर्ष** ... **को** ............ **(फोन नं**.......... ),

.................................. वादी विरुद्ध तपाई समेत प्रतिवादी भएको ..............................मुद्दामा तपाईको नामको यो समाह्वान जारी गरी पठाइएको छ । यो समाह्वान तामेल भएको मितिले बाटाको म्याद बाहेक २१ (एक्काइस) दिनभित्र यस अदालतमा प्रतिउत्तरपत्र/ लिखित जवाफ तथा लिखत प्रमाण भए सो समेत लिई आफैं वा कानून बमोजिमको प्रतिनिधि मार्फत उपस्थित हुन आउनु होला। सो अवधिभित्र उपस्थित नभएमा कानून बमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ।तपाई विरुद्ध दायर भएको उजूरी/फिराद पत्रको प्रतिलिपी यसैसाथ सम्लग्न गरी पठाइएको छ ।

मुद्दा नं.: ...............................
जारी भएको मितिः
सम्लग्न प्रतिलिपी थानः ........

......................................
सम्बन्धित अधिकृतको दस्तखत

इति सम्वत् ...................... साल ...................... महिना
......... गते ..............रोज शुभम्